# विराटनगर महानगरपालिका

बैठक संख्याः ९२ — बैठक प्रारम्भः दिउँसो २:०० बजे

मितिः २०७८/०२/२५ — बैठक स्थगनः दिउँसो ४:०० बजे

नेपालको संविधानको धारा २१६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम विराटनगर महानगरपालिका नगर कार्यपालिकाका प्रमुख श्री भीम पराजुलीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णयहरू गरियो।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री विजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा.सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |

| | | | |
|---|---|---|---|
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री सुशीला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | सचिव | श्री उमेश बस्नेत | |
| ३० | बैठक व्यवस्थापन सहयोगी | श्री अर्जुन थपलिया | |
| ३१ | बैठक व्यवस्थापन सहयोगी | श्री धिरज राई | |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय

७

विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/०२/२५ गते बसेको बैठकको एजेन्डा र निर्णयहरू:

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | घरजग्गा रजिष्ट्रेसन न्यूनतम मूल्याङ्कन सम्बन्धमा। | भूमिसुधार तथा मालपोत कार्यालय, विराटनगर, मोरङको मिति २०७८/०२/१८ प.सं.२०७७/०७८, च.नं.१३४४५ को प्राप्त पत्रबाट नगरक्षेत्रभित्र पर्ने घर जग्गाहरूको रजिष्ट्रेशन हुने लिखतहरूमा थैली अङ्क कायम प्रयोजनार्थ मालपोत नियमावली २०३६ को नियम ५(ख) बमोजिम आगामी आ.व.०७८/७९ को न्यूनतम मूल्याङ्कन तयार गर्नको लागि आ.व.०७७/७८ को मूल्यमा के कति थपघट गर्न सकिन्छ? भनी राय तथा विवरण माग गरिएको हुँदा आगामी आ.व.०७८/७९ मा चालु आ.व.०७७/७८ बमोजिमकै घरजग्गा रजिष्ट्रेशन न्यूनतम मूल्याङ्कन कायम हुन भुमिसुधार तथा मालपोत कार्यालयलाई राय पठाउने सर्वसम्मतिले निर्णय गरियो। |
| २ | योजना सम्झौता अवधि थप गर्ने सम्बन्धमा। | विराटनगर महानगरपालिकाको छैठौं नगरसभाको निर्णयानुसार आ.व.०७७/०७८ का योजनाहरूको सम्झौता कार्य २०७८ बैशाख मसान्तभित्र गरिसक्नुपर्ने भएकोमा नयाँ भेरिएन्टसहितको कोरोना भाइरस (कोभिड-१९) महामारीको असरले गर्दा सो बमोजिम हुन नसकेकोले योजनाहरूको सम्झौता अवधि २०७८ असार ७ गतेसम्म (अल्या योजना समेत) थप गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, सम्झौता भएका उल्लेखित योजनाहरूको कार्य गर्ने अवधि २०७८ असार २५ गतेसम्म कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | वडा कार्यालय भवन निर्माणको जनसहभागिता सम्बन्धमा। | महानगरपालिका अन्तर्गतका वडा कार्यालयहरूको भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा लागत जनसहभागिता १०% कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ४ | शहीद रङ्गशाला सटर भाडा सम्बन्धमा। | विराटनगर महानगरपालिका र राष्ट्रिय खेलकुद परिषद, काठमाण्डौबीच मिति २०७७/१२/२६ मा भएको सम्झौता अनुसार २०७८ बैशादेखि विराटनगर महानगरपालिका वडा नं.७ स्थित शहीद रङ्गशाला व्यवस्थापनको जिम्मा ५ वर्षको लागि विराटनगर महानगरपालिकाको भएको र उक्त रङ्गशालासँग जोडिएको सटर कवल, शौचालय र टिकट विक्रीबाट हुने आम्दानी रकमको बाँडफाँट सम्झौता बमोजिम हुने भएकोमा केही सटरको सम्झौता अवधि समाप्त भएकोले साविकमा ठेक्का लागेको रकम स्नुकर सटरको रू.६,०५०।० र अन्य सटरको रू.२,५५०।० (प्रति सटर मासिक भाडा) लाई न्यूनतम कोठा भाडा अङ्क कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ५ | कवाडी, जडिबुटी र बनकस ठेक्का सम्बन्धमा। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ अनुसार महानगर क्षेत्रभित्र कवाडी, जडिबुटी, बनकस र मृत जीवजन्तु कर सङ्कलन गर्नका लागि नीजि क्षेत्र समेतको लगानी, विज्ञता र साझेदारी अवधारणा अनुरुप बोलपत्र प्रतिस्पर्धाबाट छनौट गरी कर सङ्कलन गर्न आ.व.२०७८/०७९ को लागि नगरसभाबाट स्वीकृत दररेट बमोजिम कवाडी, जडिबुटी, बनकस र मृत जीवजन्तु कर ठेक्कामा लगाउन चालु वर्षको ठेक अङ्क रू.३०,२१,०००।० लाई न्यूनतम वार्षिक अङ्क कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

| | | |
|---|---|---|
| ६ | सडक ढल खोल्ने तथा सरसफाई बजेट सम्बन्धमा। | वर्षातको समयमा हुनसक्ने सम्भावित डुबान नियन्त्रणका लागि विराटनगर महानगरक्षेत्रको पानी तथा ढल निकास गर्न र ढल तथा नालीको आवश्यक सरसफाईका लागि वित्तीय समानिकरणबाट रू.१५ लाख बजेट विनियोजन गरी खर्च गर्न स्वीकृत गर्ने र उक्त कार्य गर्दा सम्बन्धित वडा अध्यक्षसँग समन्वय गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ७ | विविध। | (क) ब्लड क्यान्सरबाट ग्रसित भई उपचाररत मकालु टेलिभिजनमा कार्यरत पत्रकार श्री कोमल प्रसाद पौडेलले तत्कालै बोनम्यारो प्रत्यारोपण गर्नुपर्ने भएको भनी आर्थिक सहयोग माग गरेको हुँदा निजलाई उपयुक्त शिर्षकबाट रू.५०,०००।० (पचास हजार) सहयोग रकम उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो। |